मिति २०७६।१२।२१

५०औं बैठक

आज मिति २०७६।१२।२१ गते शुक्रबार दिन बैतेश्वर गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाँडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री विक्रम कार्की | अधिकृत सातौं | |

निर्णय नं.(१) यस गाउँपालिकामा कोभिड-१९ को कारण प्रभावित ज्यालादारी श्रमिक तथा असहाय हरु लाई राहत उपलब्ध गराउनको लागी व्यवस्थित गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको नमुना मापदण्ड २०७६ लाई आधारमानी यस गाउँपालिकाले "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई गराइने राहत सम्बन्धी मापदण्ड २०७६" पारित गरि लागु गर्ने निर्णय गरियो।

निर्णय नं.(२) असंगठित क्षेत्रमा काम गर्ने श्रमिक वर्ग तथा असहाय हरुलाई गराइने राहत सम्बन्धी मापदण्ड २०७६ लाई कार्यान्वयन गर्नको लागी मिति २०७६।१२।१७ को निर्णय नं. ३ मा रु २० वीस लाख को कोष स्थापना गर्ने निर्णय भएकोमा रकमको श्रोत स्पष्ट नखुलेकोले, मैनापोखरी देउराली, फेदी सडक र कुन्ती - पुतलीकाठ सडक निर्माण योजना बाट रु ४०।४० वीस लाख र वागमति प्रदेश सरकार बाट उपलब्ध हुने रु १० दश लाख समेत जम्मा रु ५० पचास लाखको राहत वितरण तथा उद्धार कोष स्थापना गरि राहत वितरण तथा उद्धार कार्यमा खर्च गर्ने, विभिन्न व्यक्ति / संघ / संस्था र संघिय सरकार बाट प्राप्त हुन सक्ने रकम राहत वितरण तथा उद्धार कोष खाता मा जम्मा गरि खर्च गर्ने निर्णय गरियो।

निर्णय नं.(३) वैतेश्वर गाउँपालिका क्षेत्रमा वसोवास भएका नागरिक हरु मा covid-19 (कोरोनाभाइरस) को संक्रमणको लक्षण शंकास्पद भएका बिरामी व्यक्ति हरुलाई सम्वन्धित अस्पताल सम्म पुऱ्याउने व्यवस्था गाउँपालिका बाट निःशुल्क मिलाउने तथा सो वापत लाग्ने खर्च / वडा स्तरमा क्वारेन्टाइन व्यवस्थापन गर्दा लाग्ने खर्च, 'राहत वितरण तथा उद्धार कोष बाट खर्च गर्ने निर्णय गरियो।

निर्णय नं.(४) यस गाउँपालिका बाट पारित "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६" बमोजिम राहत वितरण गर्नको लागी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विधि प्रक्रिया पुरा गरि, वडा कार्यालय बाट प्राप्त तथ्याङ्कलाई आधारमानी राहत सामाग्री खरिद गर्ने प्रक्रिया अगाडी बढाउनको लागी गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।